आज मिति २०८१।१२।०४ गते (ने.स.११४५ चिल्लाथ्व तृतिया) सोमबारका दिन विहान ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्यागदीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को १९ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य ( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य ( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य ( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य ( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य ( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य ( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य ( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| | | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |
| | | |

अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

कार्यपालिका बैठक मिति : २०८१।१२।०४ गते

समय : विहान ११:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।११।२८ गते

**मिति २०८१।१२।०४ गतेको कार्यपालिका बैठकका प्रस्तावहरुः-**

प्रस्ताव नं १: पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं २: स्थानीय पर्यटन विकास कार्यविधि, २०८१ स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं ३: अन्नपूर्ण पर्टयन विकास समितिलाई पूर्णता दिने सम्बन्धमा ।

प्रस्ताव नं ४ : अन्नपूर्ण आधार शिविरमा हेलिकप्टर उडान पर्यटन शुल्क उठाउने कार्यविधि निर्माण गर्ने सम्बन्धमा

प्रस्ताव नं ५ : गाउँपालिका अध्यक्ष ज्यूको वैदेशिक भ्रमण सम्बन्धमा

प्रस्ताव नं ६ : योजना अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा,

प्रस्ताव नं ७ : प्रभा मा.वि.को रिटेनसन मनी फिर्ता गर्ने सम्बन्धमा

प्रस्ताव नं. ८: इन्जिनियर नियुक्ति सम्बन्धमा,

प्रस्ताव नं ९ : कर्मचारी विज्ञापन गर्ने सम्बन्धमा (अनमी/अहेव)

प्रस्ताव नं १० : विविध

Sharma

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १ :

प्रस्ताव नं १ उपर छलफल गर्दा मिति २०८१।११।१९ गते बसेको कार्यपालिकाको निर्णयहरुको कार्यान्वयनको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यान्वयनको चरणमा हुदै गरेको पाइयो ।

निर्णय नं २:

प्रस्ताव नं २ उपर छलफल गर्दा "अन्नपूर्ण गाउँपालिकाको पर्यटन विकास कार्यविधि, २०८१" स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने ।

निर्णय नं ३ :

प्रस्ताव नं ३ उपर छलफल गर्दा "अन्नपूर्ण गाउँपालिकाको पर्यटन विकास कार्यविधि, २०८१" को दफा (७) को उपदफा (१) अनुसार तपसिलका बमोजिम समिति गठन गर्ने ।

तपसिल :

| क्र.स | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | खम बहादुर गर्बुजा | संयोजक | |
| २ | बोमाया गर्बुजा | सदस्य | वडा नं १ को प्रतिनिधित्व |
| ३ | हरि राना राम्जाली | सदस्य | वडा नं २ को प्रतिनिधित्व |
| ४ | निशा पाइजा | सदस्य | वडा नं ३ को प्रतिनिधित्व |
| ५ | तेज बहादुर गुरुङ | सदस्य | वडा नं ४ को प्रतिनिधित्व |
| ६ | मन बहादुर पुन | सदस्य | वडा नं ५ को प्रतिनिधित्व |
| ७ | राजाराम बरुवाल | सदस्य | वडा नं ६ को प्रतिनिधित्व |
| ८ | राजकुमार सुनार | सदस्य | वडा नं ७ को प्रतिनिधित्व |
| ९ | चित्र कुमार तिलिजा पुन | सदस्य | वडा नं ८ को प्रतिनिधित्व |
| १० | | सदस्य | पर्यटन व्यवसायी |
| ११ | | सदस्य | पर्यटन व्यवसायी |
| १२ | | सदस्य | पर्यटन व्यवसायी |
| १३ | | सदस्य | गाउँपालिका स्तरीय उद्योग वाणिज्य इकाई प्रतिनिधि |
| १४ | गणेश गुरुङ | सदस्य | स्थानीय पत्रकार |
| १५ | | सदस्य | ACAP प्रतिनिधि |
| १६ | | सदस्य- सचिव | गाउँपालिकाको पर्यटन हेर्ने कर्मचारी |

Sharma.

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय ४ :

प्रस्ताव नं ४ उपर छलफल गर्दा अन्नपूर्ण आधारशिविरमा हेलिकप्टर उडान गर्दा त्यस क्षेत्रको पर्यावरणमा असर पर्ने भएकाले उक्त क्षेत्रको पर्यावरणको संरक्षण, प्रवर्द्धन र उपयोगको लागि नेपालको संविधान तथा प्रचलित कानुनहरुले अधिनमा रही हेलिकप्टर उडान अनुमति शुल्क तोक्न उपयुक्त हुने देखिएकाले उक्त कार्यको लागि कानुनको मस्यौदा निर्माण गरी अर्को बैठकमा पेश गर्ने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं ५:

प्रस्ताव नं ५ उपर छलफल गर्दा गाउँपालिकाको अध्यक्ष श्री भारत कुमार पुन आफ्नो व्यक्तिगत प्रयोजनको लागि मिति २०८१।१२।१२ (March २५, २०२५), देखी २०८२।०१।०५ (April १८, २०२५) सम्म आफ्नै व्यक्तिगत खर्चमा सिंगापुर भ्रमण गर्ने कार्यक्रम तय भएकाले उक्त भ्रमणको जानकारी गराई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने।

निर्णय नं ६ :

प्रस्ताव नं ६ उपर छलफल गर्दा गाउँपालिका उपाध्यक्ष तथा गाउँपालिका स्तरीय योजना अनुगमन समितिको संयोजकले तपसिलको योजना अनुगमन भएको जानकारी प्राप्त भयो ।

| क्र.स | आयोजनाको नाम | ठेगाना | स्वीकृत बजेट | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | दलित भवन मर्मत | वडा नं २ चिसापानी | १,००,०००/- | सम्पन्न | कम्पाउण्ड घेराबार गरी गाइवस्तु प्रवेश रोक्ने खाली ठाउँहरुमा फुल तथा फलफुल विरुवा रोप्ने |
| २ | नर्सरी भवन मर्मत | वडा नं २ मान्द्रेढुङ्गा | १,००,०००/- | सम्पन्न | भवन वरपरको खाली जग्गामा नर्सरी बनाउने |
| ३ | विद्यालय भवन ढलान तथा भित्तेलेखन | वडा नं २ मान्द्रेढुङ्गा | २,००,०००/- | सम्पन्न (बजेट नपुगेकाले भित्तेलेखन नभएको) | ढलान गरेका कोठाहरुमा क्युरिङ पर्याप्त गर्ने । |
| ४ | गाडापानी गोरेटोबाटो निर्माण | वडा नं २ गाडापानी | ४,००,०००/- | सम्पन्न | केही स्थानहरुमा छपनी हल्लिएको ढुङ्गा मिलाएर बलियो बनाउने । |

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा गाउँपालिकाको वडा नं ४, नारच्याङमा निर्माणाधिन अवस्थामा रहेको प्रभा मा. वि. मा भौतिक पूर्वाधार निर्माण (ठेक्का नं 02/W/NCB/ARM/MYAGDI/2079-80) को निर्माण कार्य ८० प्रतिशत भन्दा वढी सम्पन्न भए तापनि गाउँपालिकाले स्वीकृत मूल्याङ्कन वमोजिम रकम उपलब्ध गराउन नसक्दा उक्त निर्माण कार्य सम्पन्न हुन नसकेको रकम अभावको कारण निर्माण कार्य सम्पन्न गर्न नसकिएको भनी निर्माण ब्यवसायीवाट निवेदन प्राप्त भएको र स्वीकृत मूल्याङ्कन वमोजिम तेस्रो रनिङविल वाट रु १४,३१,९६४.५० (अक्षेरुपी चौध लाख एकतिस हजार नौसय चौसट्ठी रुपैंया पचास पैसा) भूक्तानी गर्न बाँकी देखिएको र हाल रिटेन्सन मनी वापत जम्मा हुन आएको रकम रु १०६२३३४.०८ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ उपनियम (२क१) बमोजिम ८०% भन्दा बढी कार्य समाप्त भएको, रकम प्राप्त भएमा बाँकी काम समयमै सक्ने देखिएको तथा त्रुटि सच्याउने अवधी भन्दा बढीको बैंक ग्यारेन्टी राख्न तयार भई उक्त रिटेन्सन मनी फिर्ता पाउँ भनी निवेदन प्राप्त भएकोले उल्लेखित धरौटीबाट रु १०,०००००.०० (अक्षेरुपी दशलाख रुपैंया मात्र) रिटेन्सन मनी वापत भूक्तनी गरिने रकम वरावरको मान्यता प्राप्त 'क' वर्गको वैंकवाट वैंक जमानत लिई रिटेन्सन मनी वापतको रकम श्री जयलक्ष्मी/अभिनव जे.भी वाग्लुङलाई भूक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने ।

निर्णय नं ८ :

प्रस्ताव नं ८ उपर छलफल गर्दा गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय (बढुवा समितिको सचिवालय) पोखराको प.स. २०८१।८२, चलानी नं ४६, मिति २०८१।११।२५ गतेको बढुवा नियुक्तिको लागि पठाइएको यस गाउँ कार्यपालिकाको कार्यालयमा स्थानीय इन्जिनियरिङ सेवा, सिभिल सेवामा बढुवा समितिको सिफारिस अनुसार सिपारिस हुनुभएका तिर्थराज ढुङ्गानालाई (क.सं.न. ४-४३-२२४०-०४४१०) गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ अनुसार मिति २०८१।११।२४ गतेबाट लागु हुने गरी यस गाउँपालिकाको नेपाल ईन्जिनियरिङ सेवा, सिभिल समूह, सातौ तहमा नियुक्ति दिने ।

निर्णय नं ९:

प्रस्ताव नं ९ उपर छलफल गर्दा तपसिलको बमोजिम करार कर्मचारीमा नियुक्ति गर्ने ।

१) यस गाउँपालिकाको वडा नं ६ पोखरेवगरमा प्राथमिक उपचार केन्द्रमा मिति २०८१।०८।२४ गतेको निर्णय नं ८(६) मा अहेव दरबन्दी स्वीकृत गरिएकोमा गाउँपालिका कार्यालयमा हाल थाकदाना आयुर्वेद औषाधालयबाट कविराज निरिक्षक

(छैटौ) हाजिरि गराईएकाले प्राथमिक उपचार केन्द्रमा अनमी (चौथो) नियुक्त गर्नुपर्ने भएकाले विज्ञापन गरी प्राथमिक उपचार केन्द्र सञ्चालनमा ल्याउने ।

२) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (जनशक्ति व्यवस्थापन शाखा) को मिति २०८१।११।२१ चलानी नं : जनशक्ति/६४५ अनुसार यस गाउँपालिकामा अ.हे.व./चौथो पदमा कार्यरत श्री सरोज कुमार यादव सरुवा भई मध्यविन्दु नगरपालिकामा जानुभएकोले उक्त रिक्तमा प्रदेश लोकसेवा आयोगबाट पदपूर्ती नहुँदा सम्म अ.हे.व/चौथो विज्ञापन गर्ने ।

**निर्णय नं १० :**

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

१) यस गाउँ कार्यपालिकाको मिति २०८१/०९/०४ को बैठक निर्णयबाट सामुदायिक विद्यालय र शैक्षिक संघसंस्थाहरुको गत आ.व. २०८०/८१ को आय व्ययको अन्तिम लेखा परीक्षण गर्ने प्रयोजनार्थ लेखापरीक्षक व्यवसायी/फर्मलाई सिफारिस गरिएकोमा हालसम्म पनि प्रतिवेदन पेश नभएको पाइएकोले अन्नपूर्ण गाउँपालिकाको विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ बमोजिम गठित लेखापरीक्षण छनौट समितिको मिति २०८१/१२/०४ गते बसेको बैठक निर्णय एवं छनौटको आधारमा देहायको विद्यालयमा देहायको लेखापरीक्षकबाट नियुक्तिपत्र बुझेको मितिले ७ दिनभित्र लेखापरीक्षण कार्य सम्पन्न गराई सोको प्रतिवेदन शिक्षा शाखामा पेश गर्ने गरी अन्तिम सिफारिस गर्ने निर्णय गरियो।

देहायः

| क्र.स | विद्यालयको नाम | यस पूर्व सिफारिस लेखापरीक्षक फर्म/व्यवसायी | हाल सिफारिस लेखापरीक्षक फर्म/व्यवसायी | कैफियत |
|---|---|---|---|---|
| १ | श्री खिवाङ्ग आधारभूत विद्यालय अन्नपूर्ण -६ खिवाङ, घार | वि.डि. भट्ट एण्ड कम्पनी | एल.वि. थापा एण्ड एसोसिएट्स | |
| २ | श्री भुवानी खिवाङ्ग आधारभूत विद्यालय अन्नपूर्ण -६ घार | | | |

२) नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (नीति, योजना तथा बहुपक्षीय समन्वय शाखा) को प.स. ०८१।८२, चलानी न. १४८, मिति २०८१।११।२३ गतेको सुरक्षित आप्रवाशन (Sami) कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी पत्रानुसार आगामी आर्थिक बर्ष २०८२/८३ यस गाउँपालिका उक्त कार्यक्रम सञ्चालन गर्नको लागि

आगामी आर्थिक बर्ष २०८२/८३ यस गाउँपालिका उक्त कार्यक्रम सञ्चालन गर्नको लागि लागत साझेदारी गर्ने र उक्त जानकारी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पत्राचार गर्ने ।

३) यस गाउँपालिकाको वडा नं ४, ५ र ६ को भुभाग अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना भित्र पर्दछ । उक्त परियोजनाको रुखहरु कटान गर्दा लाग्ने वन पैदावार शुल्क लिन उपयुक्त हुने भनी राजश्व परामर्श समितिको मिति २०८१।०९।०७ को बैठकले निर्णय गरेको हुँदा, प्रति रुख रु ७५ रुपैया दरले रुख कटान शुल्क लिने र आगामी गाउँसभाबाट अनुमोदनको लागि पेश गर्ने ।

४) यही मिति २०८१।१२।०७ गते देखि गाउँपालिका भित्र सम्पूर्ण विद्यालयहरुमा अन्तिम बार्षिक परीक्षा सञ्चालन हुने तथा सोही मितिमा SEE परिक्षा पनि सञ्चालन हुने भएकाले सबै जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, प्राविधिक सहायक (शिक्षा) ले परीक्षाको वातावरणमा खलल नपुग्ने गरी आवश्यकता अनुसार परीक्षालाई अनुशासित र मर्यादित बनाउन आवश्यकता अनुसार निरिक्षण र अनुगमनको कार्य गर्ने ।

५) संघीय सरकारको विशेष अनुदानमा निर्माण भइरहेको रुप्से झरनामा पर्यटन पूर्वाधार निर्माणको क्रममा स्वीकृत लागत तथा सम्झौतामा रकम नबढ्ने गरी Variation Order (भेरियसन आदेश) गर्नुपर्ने भनी पूर्वाधार विकास शाखा र निर्माण व्यवसायीबाट आवश्यकता भई आएकोले उल्लेखित Variation Order गर्न आवश्यक प्रकृया अगाडी बढाउने ।

६) यस अन्नपूर्ण गाउँपालिका अन्तर्गत आ.ब २०८१/०८२ मा कार्यपालिकाको निर्णय वमोजिम परामर्श सेवा खरिद गर्नुपर्ने र उक्त परामर्श सेवा खरिदकालागि स्वीकृत विभागीय नर्म्सहरु नभएको हुँदा तपसिल वमोजिमका परामर्श सेवाहरुमा तपसिल वमोजिमका नर्म्सका आधारमा लागत अनुमान तयार गरि परामर्श सेवा खरिद गर्ने ।

तपसिल

| S.N. | Professional/Staff (National) | Unified Data Collection For SEVIMS And Creation and Installation of GPS and web Based Digital Profile | | Creation and Installation of Sifarish Software | |
|---|---|---|---|---|---|
| | | Personal/ Quantity | Man-day | Personal/ Quantity | Man-day |
| 1 | Team Leader | 1 | 70 | 1 | 30 |
| 7 | IT Expert | 1 | 65 | | |
| 8 | Software Developler/Web developer | 1 | 50 | 1 | 30 |
| 9 | Database Designer | 1 | 50 | 1 | 30 |
| 10 | Civil Engineer/Quantity Surveyor | | | | |
| 11 | Statistician | 1 | 20 | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 14 | Gis Expert | 1 | 45 | | |
| 15 | Document Expert | 1 | 40 | | |
| 16 | Quality Assurance Analysit | | | 1 | 25 |
| 27 | Data Collecter | 16 | 30 | | |

| Name of the consultancy services : Detailed Survey, Design,Drawing and Estimates of Narchyang pramukh Sthaniya Road (Narchyang-Nagdhunga to gadpar -khochepani Motorbato) at ward no -04 of Annapurna Rural Municipality,Myagdi. **(Road length=5.75 km)** | | | | Name of the consultancy services : Detailed Survey,Design, Drawing and Estimates of Dana pramukh Sthniya road (Hyan prakash ma.vi to kot Khalanga thara moter bato and Ghatte danda ligma dandagaun puliwang to Duwari Moterbato at Ward no-03 of Annapurna Rural Municipality,Myagdi. (Rod **(length =5.77 Km)** | | | | Name of the consultancy services :Detailed Survey, Design,Drawing and Estimates of Ghara Club khelmaidan at Annapurna Rural Municipality -06,Myagdi. **(Land Area =1445 sqm)** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **S.N** | **Professional /Supporting staff**<br>**Key Experts** | **Unit** | **Durations** | **SN** | **Professional /Supporting staff**<br>**Key Experts** | **Unit** | **Durations** | **SN** | **Professional /Supporting staff**<br>**Key Experts** | **Unit** | **Durations** |
| I | **Key Staff** | | **desk study,Travel ,Field work, Office works,& Report preparation** | **I** | **Key Staff** | | **desk study,Travel ,Field work, Office works,& Report preparation** | **I** | **Key Staff** | | **desk study,Travel ,Field work, Office works, & Report preparation** |
| 1 | Team Leader (Heighway/Transportation Engineer) | days | 17.25 | 1 | Team Leader (Heighway/Transportation Engineer) | days | 17.28 | 1 | Team Leader (Architect/urban planner) | days | 17.00 |
| 2 | Environmentalist/Forestry Specialist/Ecologist | days | 6.33 | 2 | Environmentalist /Forestry Specialist/Ecologist | days | 6.34 | 2 | Structural Engineer | days | 8.00 |
| 3 | Geologist/Eng.Heologist/Geo-Techhical Engineer | days | 5.18 | 3 | Geologist/Eng. Heologist/Geo-Techhical Engineer | days | 5.18 | 3 | Architect | days | 15.00 |
| 4 | Structural Engineer | days | 4.03 | 4 | Structural Engineer | days | 4.03 | 4 | Civil Engineer/Quantity Surveyor | days | 15.00 |
| 5 | Hydrologist | days | 4.03 | 5 | Hydrologist | days | 4.03 | 5 | Electrical Engineer | days | 4.00 |
| 6 | Socio-Economist | days | 8.05 | 6 | Socio-Economist | days | 8.06 | 6 | Socio-Economist | days | 2.00 |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| / | Legal expert | days | 2.30 | 7 | Legal expert | days | 2.30 | 7 | Sanitary Expert | days | 4.00 |
| II | **Support Staff** | | | II | **Support Staff** | | | III | **Support Staff** | | |
| 1 | Draft Person/Cad operator | days | 5.75 | 1 | Draft Person/Cad operator | days | 5.76 | 1 | Draft Person/Cad operator | days | 8.00 |
| 2 | Computer operator | days | 5.75 | 2 | Computer operator | days | 5.76 | 2 | Computer operator | days | 6.00 |
| 3 | Surveyor/Sub Engineer | days | 20.13 | 3 | Surveyor/Sub Engineer | days | 20.16 | 3 | Surveyor/Sub Engineer | days | 11.00 |
| 4 | Account/admin staff/Supervisor | days | 14.95 | 4 | Account/admin staff/Supervisor | days | 14.98 | 4 | Account/admin staff/Supervisor | days | 3.00 |
| 5 | Support staff/Helper/Camp worker | days | 70.15 | 5 | Support staff/Helper/Camp worker | days | 70.27 | 5 | Support staff/Helper/Camp worker | days | 8.00 |

**Note:**

1. Transportations of Personnels (Ls) 10% of cost of manpower Required
2. Tools and Equipment for Survey (Ls)10% of cost of manpower Required
3. Stationary and Logistic Support( LS) 5 % cost of manpower Required

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत